# मल्टीपर्पस फिनांस कम्पनी लिमिटेड (वित्तीय संस्था)को
## २३औं वार्षिक साधारण सभा सम्वन्धी सुचना :

मिती २०७८/०२/११ गते बसेको सञ्चालक समितिको बैठक नं. ३७२ को निर्णयानुसार निम्न लिखित मिती, समय र स्थानमा निम्न बिषयहरु उपर छलफल गर्नको लागि यस वित्तीय संस्थाको २३ औं बार्षिक साधारण सभा बस्ने भएको हुँदा शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ :

उक्त सभा प्रयोजनको लागि मिति २०७८।२।२४ गतेका दिन शेयर दाखिल खारेज दर्ता बन्द (Book Close) रहने छ । नेपाल स्टक एक्सचेन्ज लि. मा मिति २०७८।२।२३ गते सम्म कारोवार भई नियमानुसार शेयर नामसारी भई कायम शेयरधनीहरुले मात्र सो सभामा भाग लिन र मतदान गर्न सक्ने छन ।

**१. सभा बस्ने मिती, समय र स्थान :**

मिती : २०७८ साल आषाढ ६ गते आईतवार (तदनुसार जुन २०,२०२१)

समय : दिनको ११ बजे

स्थान : वित्तीय संस्थाको केन्द्रीय कार्यालय,राजविराज, सप्तरी ।

**२. छलफलका बिषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. आर्थिक बर्ष २०७६/७७ को सञ्चालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात तथा आ.ब. २०७६/७७ को नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक बर्ष २०७७/७८ को हरहिसाब लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

**(ख) बिशेष प्रस्तावहरु :**

१. वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने ।

२. वित्तीय संस्थाको कार्यक्षेत्र बिस्तार गर्ने ।

३. उपरोक्त प्रस्ताव नं.ख अन्तर्गत पारित बिशेष प्रस्तावहरु समेतलाई समावेश गरि बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम प्रबन्धपत्र तथा नियमावली कम्पनी रजिष्ट्रारको कार्यालय तथा सम्बन्धित अन्य निकायबाट स्वीकृत गराउन तथा केही संशोधन गर्नुपर्ने भए सो समेत गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

**(ग) विविध ।**

संचालक समितिको आज्ञाले

कम्पनी सचिव

# मल्टीपर्पस फिनान्स कम्पनी लिमिटेड (वित्तीय संस्था) को

## २३औ वार्षिक साधारण सभा सम्बन्धी दोश्रो सूचना

शेयरधनी महानुभावहरु

यस वित्तीय संस्थाको २३ औं वार्षिक साधारण सभा यहि मिति २०७८साल आषाढ महिना ६ गते आईतवारका दिन विहान ११ वजे देखि संस्थाको केन्द्रिय कार्यालयमा बस्ने भएकोले उक्त सभामा भाग लिन यस वित्तीय संस्थाका सम्पुर्ण शेयर धनि महानुभावहरु लगायत सम्बन्धीत सबैलाई हार्दिक अनुरोध गर्दछु । यस सम्वन्धित विस्तृत सूचना मिति २०७८ जेष्ठ १३ गतेको नागरिक दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशन गर्नुको साथै संस्थाको वेभसाईट https://multipurposefinance.com/ मा समेत राखिएको छ । कुनै कारणवश उक्त जानकारीहरु प्राप्त हुन नसके पनि यसै सुचनालाई आधार मानी सभामा स्वयं वा प्रोक्सी मार्फत उपस्थित भई दिनहुन हार्दिक अनुरोध गर्दछु ।

संचालक समितिको आज्ञाले

कम्पनी सचिव